नेपाल सरकार
# कृषि विकास मन्त्रालय
योजना महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५

प.सं : यो.ब.का. ७३/७४
च.नं. : १९०

सिंहदरबार
काठमाण्डौं, नेपाल

मितिः २०७३/०६/१६

विषयः मत्स्य विकास निर्देशनालय अन्तर्गतका कार्यविधिहरु सम्बन्धमा ।

श्री कृषि विभाग, हरिहरभवन ।

प्रस्तुत विषयमा तहाँ विभाग मार्फ पेश भएको मत्स्य विकास निर्देशनालय अन्तर्गतका देहाय बमोजिमका कार्यविधिहरु सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) मिति २०७३/०६/१३ को निर्णय अनुसार तपसिल बमोजिम स्वीकृत तथा संसोधन भएको हुँदा आवश्यक कार्यवाहीकोलागि तहाँ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

१. मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ (पहिलो संसोधन) २०७३
२. सहभागितात्मक ट्राउट विकास कार्याक्रम कार्यान्वयन कार्यविधि (पहिलो संसोधन) २०७३
३. वृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३
४. एक हेक्टर जलाशय नर्सरी पोखरी निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३
५. कार्प ह्याचरी निर्माण एवं व्यस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३

तपसिल

क) साना तिना टुक्रे कार्यक्रमै पिच्छे कार्यविधि बनाउनुको सट्टा एक निकाय (केन्द्रीय/आयोजना/विभाग/निर्देशनालय/केन्द्र) एक कार्यविधि/निर्देशिका तयार गरी आवश्यक बमोजिम सोही कार्यविधि/निर्देशिकामा संसोधन थप पेश गर्ने व्यवस्था मिलाउने

ख) मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधिमा "देशका सम्भावित सबै क्षेत्रमा संचालन हुने" भनि उल्लेख भएकोमा तराईका २० जिल्लाबाट कार्यक्रम अनावश्यक रुपमा विस्तार हुने देखिएकोले सम्भावित क्षेत्रको व्याख्या गरी वास्तविक माछा उत्पादन हुने स्थान/क्षेत्र/जिल्ला तोक्नु पर्ने

ग) अनुदान वितरण गर्ने सम्बन्धमा रु. १ लाख सम्मको अनुदानमा पहिलो किस्तामा ४० प्रतिशत र दोश्रो किस्ता कार्यसम्पन्न भैसकेपश्चात ६० प्रतिशत, १ लाख भन्दा बढिको अनुदान वितरणमा ३ किस्तामा (३०-५०-२० प्रतिशत) किसानको खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने

घ) यस प्रकार किस्तावन्दी अनुदान दिने व्यवस्था सम्बन्धमा अन्य सबै प्रकारका अनुदान वितरण गर्ने निकायहरुमा समेत आवश्यक निर्देशन हुन ।

सन्तोष अधिकारी
कृषि अर्थविज्ञ

नेपाल सरकार

# मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ (पहिलो संशोधन २०७३)

नेपाल सरकार (सचिवस्तर) मिति २०७२/०६/१२ को निर्णय अनुसार स्वीकृत

कृषि विकास मन्त्रालय

२०७२ आश्विन

पहिलो संशोधन २०७३, श्रावण

## मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यवन्यन कार्यविधि, २०७२

### पृष्ठभूमी

मत्स्य पालन नेपालको प्रमुख नगदे बाली/वस्तुको रुपमा स्थापित भएको छ । यसले कुल गार्हस्थ्य उत्पादनमा करिब एक प्रतिशत तथा कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा करिब तीन प्रतिशत योगदान पुर्याएको छ । तराई, मध्य पहाड तथा हिमाली क्षेत्रमा समेत विभिन्न किसिमका मत्स्य पालन व्यवसाय क्रमशः विस्तार हुँदै हाल देशमा १० हजार हेक्टर क्षेत्रफल जलासयमा मत्स्यपालन भई रहेको छ ।कृषि विकास मन्त्रालयको तथ्यांक अनुसार आर्थिक बर्ष २०७१/०७२ मा करिव ८२ हजार मे. टन खाने माछा देशको लागि आवश्यक भएको र सो मध्ये ६९हजार मे. टन आन्तरिक उत्पादनबाट आपूर्ति भई १३ हजार मे.टन. भारतबाट आयात गरिएको अवस्थामा रु. २ अरब ६० करोड रकम देशबाट बाहिरिएको देखिन्छ । माछाको आयात निरन्तर बढ्दै जानुमा बढ्दो उपभोग र अपर्याप्त आन्तरिक उत्पादन मुख्य कारणहरु मानिएको छ ।

तुलनात्मक लाभका दृष्टिकोणबाट उच्च मूल्य वस्तु भएका कारण बढि नाफामूलक भएकोले माछापालन व्यवसाय प्रति आम कृषक समूदाय तथा निजीस्तरका व्यवसायीहरुले लगानी गरी नयाँ फार्महरु स्थापना गर्न निरन्तर प्रयास गरिरहेकोले राज्यको तर्फवाट थप प्रोत्साहन गर्न आवश्यक छ । यस सन्दर्भमा विद्यमान जलाशयको उत्पादकत्व अभिवृद्धिका साथै थप क्षेत्र विस्तार गरी गुणस्तरीय माछा भुरा उत्पादन, यान्त्रिकरण तथा प्रविधिको उपयुक्त समायोजन एवं व्यवस्थापनबाट दिगो रुपमा माछाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी देशलाई माछा उत्पादनमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन गर्ने लक्ष्य सहित आर्थिक बर्ष २०७२।७३ बाट कार्यान्वयन हुने गरी तराईका विभिन्न जिल्लाहरुमा **मत्स्य उत्पादन विशेष कार्यक्रम** संचालनगरी आर्थिक बर्ष २०७३।७४ देखि राज्यको सबै सम्भावित जिल्लामा संचालन गरिने छ।

### परिच्छेद १
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यो कार्यविधिको नाम "मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ "हुनेछ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले मत्स्य उत्पादन विशेष कार्यक्रम बुझ्नु पर्दछ।

(ख) "कार्यालय" भन्नाले जिल्ला कृषि विकास कार्यालयलाई बुझ्नु पर्दछ।

(ग) "केन्द्र" भन्नाले मत्स्य विकास केन्द्रलाई वुझनु पर्दछ।

(घ) "निर्देशनालय" भन्नाले मत्स्य विकास निर्देशनालय बुझ्नु पर्दछ ।

(ङ) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले यस कार्यविधिको परिच्छेद ३(५) मा गठित समितिलाई वुझाउँदछ।

(च) "कार्यक्रम समन्वय तथा अनुगमन समिति" भन्नाले यस कार्यविधिको परिच्छेद ३(६)मा गठित समितिलाई वुझाउँदछ।

३. <u>कार्यक्रम संचालनको लक्ष्य एवं उद्देश्यः</u>

(क) लक्ष्यः

मत्स्य पालनको क्षेत्र विस्तार गरी राष्ट्रिय स्तरमा मत्स्य उत्पादन बढाई देशलाई आत्मनिर्भर गराउनुका साथै पौष्टिक आहाराको उपलब्धतामा वृद्धि गर्ने र माछाको बढ्दो आयातलाई क्रमशः न्यूनिकरण गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने।

(ख) उद्देश्यः

पोखरीको उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गरि संलग्न कृषक व्यावसायीहरुको आय आर्जन र रोजगारीमा अभिवृद्धि ल्याउने तथा देशमा खाद्य पोषणको उपलब्धतामा अभिवृद्धि गर्ने।

## परिच्छेद २
## कार्यक्रम संचालन सम्बन्धी

४. प्रस्तुत कार्यक्रम संचालन सम्बन्धमा देहाय बमोजिमका प्रकृया रहनेछन्

(क) यस कार्यक्रम अन्तरगत नयाँ माछा पोखरी निर्माण गरिने छ ।

(ख) मत्स्य उत्पादन विशेष कार्यक्रम संचालन हुने जिल्लाको सम्बन्धित मत्स्य विकास केन्द्रहरू निम्नानुसार हुनेछन्।

| जिल्लाको नाम | सम्बन्धित मत्स्य विकास केन्द्र |
|---|---|
| झापा, मोरङ, सुनसरी, ससरी, ताप्लेजुङ, पांचथर, इलाम, तेह्रथुम, संखुवासभा, भोजपुर र धनकुटा =११ | मत्स्य विकास केन्द्र फत्तेपुर |
| सिराहा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु =५ | मत्स्य विकास केन्द्र लाहान |
| धनुषा, महोत्तरी, सर्लाही, सन्धुली, रामेछाप र देलखा =६ | मत्स्य विकास तथा तालिम केन्द्र जनकपुर |
| बारा, पर्सा, रौतहट, मकवानपुर र धादिङ =५ | मत्स्य विकास केन्द्र हेटौंडा |
| काठ्माडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा र नुवाकोट =७ | केन्द्रीय मत्स्य प्रयोगशाला, बालाजु |
| चितवन, गोरखा, तनहु, लम्जुङ र मनाङ =५ | मत्स्य विकास केन्द्र भण्डारा |
| कास्की, स्याङजा, पवर्त, म्याग्दी, बागलुङ र मुस्ताङ =६ | चिसोपानी मत्स्य विकास केन्द्र, स्याङजा |
| नवलपरासी, रुपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखांची र गुल्मी =६ | मत्स्य विकास केन्द्र भैरहवा |
| दाङ, बाँके, बर्दिया, प्युठान, सल्यान, रूकुम, दैलेख, सुर्खेत, जाजरकोट, रोल्पा, डोल्पा, कालिकोट, जुम्ला, मुगु र हुम्ला=१५ | मत्स्य विकास केन्द्र महादेवपुरी |
| कैलाली, कन्चनपुर, डोटी, डडेलधुरा, अछाम, बैतडी, दार्चुला, बझाङ र बाजुरा =९ | मत्स्य विकास केन्द्र गेटा, कैलाली |

(ग) यो कार्यक्रम सम्वन्धित जिल्ला कृषि विकास कार्यलयहरूमा रहने र मत्स्य विकास केन्द्रको समन्वयमा संचालन हुनेछ।

(घ) यो कार्यक्रम संचालनको लागि मत्स्य विकास निर्देशनालयबाट नियमानुसार अनुसूची १ बमोजिमको ढाँचामा सूचना आह्वान हुनेछ।

(ङ) कार्यक्रम संचालन गर्नको लागि स्वीकृत कार्यक्रम प्राप्त गर्ने जिल्लाका कृषकहरुले सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको समय भित्र सूचनामा उल्लेख भए बमोजिम अनुसूची २ को ढाँचा बमोजिम आवश्यक कागजात र अनुसूची ३ बमोजिमको प्रस्तावना सहित निबेदन पेश गर्नु पर्नेछ।

(च) जिल्ला कृषि विकास कार्यालय र मत्स्य विकास केन्द्रको संयुक्त टोलीले संकलित निबेदनहरु रितपुर्वक भए नभएको एकिन गरी स्थलगत सम्भाव्यता प्रमाणीकरण गरी संभाव्य देखिएका निवेदनहरुको सूची तयार गर्नेछ।

(छ) प्राप्त निवदेनहरू कार्यक्रम कार्यान्वयन समितिले अनुसूची ३ को प्रस्तावना अनुरुप मूल्यांकनको आधार र मापदण्ड तय गरी मूल्याकन गरेर प्राथमिकताको आधारमा छनोट भएका कृषकहरुको नामावली तयार एवं प्रकाशन गर्नु पर्नेछ।

(ज) सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले सम्वन्धित मत्स्य विकास केन्द्रको रोहवरमा अनुसूची ५ बमोजिम प्रस्तावकहरू संग सम्झौता गर्नेछ र सम्झैता गरिएका कृपकहरूको नामावली मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ।

(झ) निर्माण गरिने पोखरीहरुको ले-आउट तथा डिजाइन र लागत ईस्टिमेट तोकिएको प्राविधिक मापदण्ड अनुरुप मत्स्य प्राविधिकद्वारा गराई सोही अनुसारको निर्माण सम्पन्न गर्नु पर्नेछ।

(ञ) सम्बन्धित जिल्ला कृषि विकास कार्यालय र मत्स्य विकास केन्द्रहरूले लक्षित कार्यक्रमको संयुक्त रुपमा अनुगमन गरी कार्यसम्पादनका आधारमा रकम भुक्तानी प्रकृया अगाडि बढाउने छ।

(ट) यदि पहाडी तथा हिमाली जिल्लाहरु सम्बन्धित मत्स्य विकास केन्द्रबाट टाढा भएको कारणले प्राविधिक उपलव्धतामा सहज हुन नसक्ने अबस्था भएमा बुंदा (च) देखि (ञ) सम्म कार्यान्वयनको लागि जिल्ला कृषि विकास कार्यालयले मत्स्य विकास केन्द्रसंग परामर्श गरेर कार्य सन्चालन गर्न सक्नेछ।

(ठ) अनुदानको रकम सम्वन्धित निवेदकहरूको नाममा रहेको बैंक खातामा जिल्ला कृषि विकास कार्यालयले भुक्तानी दिनेछ।

(ड) मत्स्य उत्पादन विशेष कार्यक्रम सन्चालनका लागि अनुदान प्राप्त गर्ने ब्यबसायीहरुले कम्तीमा ५ बर्षसम्म प्रस्ताव बमोजिमको ब्यबसाय निरन्तर रुपमा सन्चालन गर्नु पर्नेछ र अनिवार्य रुपमा मत्स्य बीमा गर्न अनुसूची ४ बमोजिम प्रतिवद्धता गर्नु पर्नेछ।

(ण) यस कार्यक्रम अन्तरगत निर्माण भएका नयाँ माछा पोखरीहरुको लागि आवश्यक पर्ने विभिन्न जात एवं साईजका माछा भुरा उपलव्ध गराउन सम्वन्धित मत्स्य विकास केन्द्रले आवश्यक सहयोग एवं समन्वय गर्नु पर्नेछ।

(त) अनुदानद्वारा निर्मित पोखरीहरुको विवरण होर्डिङ बोर्ड व्यवसायीले आफैं बनाई सार्वजनिक गरी राख्नु पर्नेछ।

## परिच्छेद ३

## कार्यक्रम कार्यान्वयन, समन्वयतथा अनुगमन व्यवस्था

**५.कार्यक्रम कार्यान्वयन समितिः** यो कार्यक्रम कार्यान्वयनका लागी जिल्ला स्तरमा निम्न अनुसारको समिति रहने छ ।

| | | |
|---|---|---|
| १ | वरिष्ठ कृषि विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय | - संयोजक |
| २ | प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधी, मत्स्य विकास केन्द्र (पहाडी तथा हिमाली जिल्लाहरुका लागि परिच्छेद २ दफा ४ (ट) अनुरुप पनि गर्न सक्नेछ।) | - सदस्य |
| ३ | मत्स्य शाखा प्रमुख, जिल्ला कृषि विकास कार्यालय (मत्स्य शाखा व्यवस्था नभएका कार्यालयमा ब.कृ.वि.अ.ले तोकेको प्राविधिक) | - सदस्य सचिव |

**६. कार्यक्रम समन्वय तथा अनुगमन समितिः** यस कार्यक्रम कार्यवन्यनका लागि संलग्न निकायहरुलाई आवश्यक सहजीकरण एवं समन्वयको व्यवस्था गर्न केन्द्रीयस्तरमा तपसिल बमोजिमको समिति रहने छ ।

तपसिल

| | | |
|---|---|---|
| १ | कार्यक्रम निर्देशक, मत्स्य विकास निर्देशनालय | - संयोजक |
| २ | प्रमुख वा आधिकारिक प्रतिनिधि राष्ट्रिय प्राकतिक तथा कृत्रिम जलाशय मत्स्य वि. कार्यक्रम | - सदस्य |
| ३ | प्रमुख वा आधिकारिक प्रतिनिधि केन्द्रीय मत्स्य प्रयोगशाला | - सदस्य |
| ४ | प्रमुख वा आधिकारिक प्रतिनिधि कृषि विभाग, अनुगमन तथा मूल्यांकन शाखा | - सदस्य |
| ५ | प्रमुख वा आधिकारिक प्रतिनिधि कषि विभाग, योजना शाखा | - सदस्य |
| ६ | प्रमुख वा आधिकारिक प्रतिनिधि मत्स्य अनुसन्धान महाशाखा | - सदस्य |
| ७ | ब.म.बि.अ./म.बि.अ.,मत्स्य विकास निर्देशनालय | - सदस्य सचिव |

७. **कार्यक्रम अनुगमन तथा मुल्यांकन व्यवस्थाः** यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्वन्धित कृषि सेवा केन्द्र एवं जिल्ला कृषि विकास कार्यालय तथा मत्स्य विकास केन्द्र, क्षेत्रीय कृषि निर्देशनालय, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम, मत्स्य विकास निर्देशनालय/कार्यक्रम समन्वय तथा अनुगमन समिति, कृषि विभाग र कृषि बिकास मन्त्रालयवाट हुनेछ।

(ख) मत्स्य विकास निर्देशनालयले आवश्यकता अनुसार अनुगमन तथा मूल्यांकन सम्बन्धी ढाँचा तयार गर्नेछ। सो ढाँचा बमोजिमको प्रतिवेदन निर्धारित समय भित्र मत्स्य विकास निर्देशनालयमा उपलव्ध गराउनु सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र मत्स्य विकास केन्द्रको कर्तव्य हुनेछ।

(ग) कार्यक्रम संचालन गर्नु पूर्व सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुले मत्स्य विकास केन्द्रहरुको समन्वयमा मत्स्य उत्पादन विशेष कार्यक्रमको लागि उपयुक्त हुने पकेट क्षेत्रहरुको आधारभुत तथ्यांक तयार गर्नु पर्नेछ।

## परिच्छेद४
## विविध

७. **प्रचलित कानुन लागु हुनेः** प्रचलित कानुनमा व्यवस्था भएका बिषयहरुका सम्वन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्वन्धमा यसै कार्यविधि बमोजिम हुनेछ।

८. **अन्तिम व्याख्याः** यस कार्यविधिको वुझाईमा द्विविधा भएमा कृषि विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

९. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा संलग्न अनुसुचीहरु (आर्थिक विषय बाहेक) मा कृषि विकास मन्त्रालयको सहमतिमा आवश्यकता र सम्भावनाका आधारमा परिमार्जन गर्न सकिनेछ।

१०. **खारेजी तथा संशोधनः** कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा विधिपूर्वक संसोधन तथा खारेजी गर्न सक्नेछ।

११. **कार्यक्रममा सहभागी नगराइनेः** सम्झौता गरी मनासिव कारण बाहेक कार्यक्रम संचालन नगर्ने कृषकहरुलाई आगामी वर्षको कार्यक्रममा सहभागी गराइने छैन।

## परिच्छेद ५
## आर्थिक पक्ष

मत्स्य विकास निर्देशनालयले कार्यक्रम तयार गरी सम्बन्धित जिल्ला कृषि विकास कार्यालयलाई अख्तियारी दिने प्रकृयामा जाने गरी कार्यान्वयन गर्नेछ र निजी फर्म/कृषक/समुह/सहकारीलाई स्वीकृत कार्यक्रम अनुरूप सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले देहाय बमोजिम अनुदान रकम प्रवाह गर्नेछ।

| क्र.सं. | विवरण | अनुदान रकम(रु.) | कृषकको दायित्व | भुक्तानी विधि | कैफियत |
|---|---|---|---|---|---|
| १.१ | पोखरी निर्माण | बढीमा रु.३,००,०००।– प्रति हेक्टर जलाशय | अनुदान रकम कुल लागत खर्चको ५०% भन्दा बढी हुनेछैन। | जिल्ला कृषि विकास कार्यालयले प्राप्त कागजातको आधारमा नीजी फर्म/कृषक/समुह/सहकारीको बैंक खातामा रकम पठाउने ब्यबस्था गर्नेछ। | |
| १.२ | स्थलगत सम्भाव्यता प्रमाणीकरण, अनुगमन एवं प्रशासनिक खर्च | लागतको २.५ प्रतिशत | - | प्रशासनिक एवं आवश्यकता र औचित्यताको आधारमा अनुगमन कार्यको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले ५०%, मत्स्य विकास केन्द्रले ३०%र मत्स्य विकास निर्देशनालयले २०% खर्च गर्न सक्नेछ। | |

## अनुसूची – १

*(परिच्छेद -२ दफा ४-(घ) सँग सम्बन्धित)*

**मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यविधि –२०७२ प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

सूचना । सूचना ।। सूचना ।।।

आर्थिक बर्ष २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मत्स्य उत्पादन बिशेष कार्यक्रमको माध्यमबाट ब्यवसायिक मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण गरी कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १ (एक) महिना भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन एवं प्रस्ताव आव्हान गरिन्छ।

पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपशिल**

१. रु. १० को टिकट टाँसेको अनुसूची २ अनुसारको आबेदन।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।

३. जग्गाधनी प्रमाण पुर्जा वा ठेक्का भए कम्तीमा ५ बर्षसम्म ठेक्का लिएको आधिकारिक करार पत्र र करार पत्र दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जा।

४. अनुसूची ४ अनुसारको घटीमा ५ बर्षसम्म प्रस्तावित ब्यबसाय सन्चलन गर्ने प्रतिबद्धता पत्र।

५. निबेदकको तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

६. अनुसूची ३ बमोजिमको कार्ययोजना (प्रस्ताव)।

७. संघ/संस्था भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नवीकरणको प्रमाणित प्रतिलिपी।

अनुसूची - २

*(परिच्छेद -२ दफा ४ (ङ) सँग सम्बन्धित)*

**मत्स्य उत्पादन बिशेष कार्यक्रमका लागि अनुदान सहयोग प्राप्त गर्न दिईने आवेदन–पत्र**

श्रीमान् वरिष्ठ कृषि विकास अधिकृतज्यू

जिल्ला कृषि विकास कार्यालय

...................

विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

मलाई मत्स्य उत्पादन बिशेष कार्यक्रम अन्तर्गत पोखरी निर्माण गरी ब्यबसायीक मत्स्य पालन गर्ने इच्छा भएकोले निम्नानुसार कागजात राखी नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निबेदन गर्दछु। मेरो आबेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बन्धित जिल्ला भित्रै रही संलग्न प्रस्ताव तथा प्रतिबद्धता अनुरुपको कार्य गर्नेछु।

तपसिल

१. रु. १० को टिकट टाँसेको अनुसूची २ अनुसारको आबेदन।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।

३. जग्गाधनी प्रमाण पुर्जा वा ठेक्का भए कम्तीमा ५ बर्षसम्म ठेक्का लिएको आधिकारिक करार पत्र र करार पत्र दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जा।

४. अनुसूची ४ अनुसारको घटीमा ५ बर्षसम्म प्रस्तावित ब्यबसाय सन्चलन गर्ने प्रतिबद्धता पत्र।

५. निबेदकको तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

६. अनुसूची ३ बमोजिमको कार्ययोजना (प्रस्ताव)।

७. संघ/संस्था भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नवीकरणको प्रमाणित प्रतिलिपी।

**निबेदन पेश गर्नेको नाम, थरः**

ठेगानाः

दस्तखतः

मितिः २०७ ... । ......।......

**फर्म/समुह/संघ/संस्था भए नामः**

ठेगानाः

दस्तखतः

मितिः २०७ ... । ......।......

संस्थाको छाप

अनुसूची - ३

*(परिच्छेद २ दफा ४ (ङ) सँग सम्बन्धित)*

## मत्स्य उत्पादन विशेष कार्यक्रमका लागि पेश गर्ने कार्य योजना(प्रस्ताव) को संक्षिप्त ढांचा

| | | |
|---|---|---|
| १.कृषक/ब्यबसायी/ निजीफार्म/समुह/सहकारीको नामः | | |
| २. ठेगानाः | | ३. लिङ्गः |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः | |
| ६. शैषिक येग्यताः | | |
| ७. मत्स्य ब्यबसाय सम्बन्धी तालिम लिएको भएः | | |
| क) तालिमको बर्षः | ख) अबधीः .. .. .. .. .. .. .. .. .. .. देखि .. .. .. .. .. .. .. .. .. .. .. सम्म | |
| ग) प्रदान गर्ने संस्थाः | | |

८. पोखरी निर्माणको विवरणः

| पोखरीको किसिम | संख्या | जलाशय क्षेत्रफल (हे.) | अनुमानित लागत (रू.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

९. अन्य सुविधा विकास

| विवरण | संख्या | क्षेत्रफल (हे.) | साईज (ल.*चौं.) | क्षमता | अनुमानित लागत (रू.) |
|---|---|---|---|---|---|
| बंगुर/हाँस/कुखुरा/गाइर्बस्तुको खोर/गोठ | | | | | |
| भवनहरू कार्यालय, दानाघर, स्टोर आदि | | | | | |
| जाल खरिद | | | | | |
| एरेटर खरिद तथा जडान | | | | | |
| पेलेट मेशिन खरिद | | | | | |
| सवारी साधन | | | | | |
| बोरिङ | | | | | |
| पम्पसेट/मोटर | | | | | |

१० संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम (रू.) |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म ब्यबस्थापन | | | |
| प्राविधिक रेखदेख | | | |

११. उत्पादन अनुमान

| विवरण | इकाई | परिमाण | बिक्री दर (रू.) | अनुमानित आय(रू.) |
|---|---|---|---|---|
| खानेमाछा | | | | |
| भुरामाछा | | | | |
| तरकारी, फलफुल | | | | |
| पशुजन्य पदार्थ | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

१२. डिलको उपयोग

| विवरण | क्षेत्रफल |
|---|---|
| संरचना निर्माण | |
| घाँस खेती | |
| तरकारी, फलफुल खेती | |
| अन्य | |
| जम्मा | |

१३. नयाँ सोच केही भए उल्लेख गर्नुहोस्

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ..

<u>प्रस्तावकको</u>

नाम, थर:

ठेगाना:

दस्तखत:

मिति:

९/११

संस्थाको छाप: (संस्थाको हकमा)

अनुसूची – ४

*(परिच्छेद -२ दफा ४ (ङ) सँग सम्बन्धित)*

**प्रतिबद्धता पत्र**

मत्स्य विकास निर्देशनालयको मिति २०७..../....../...... को सूचना अनुसार मत्स्य उत्पादन बिशेष कार्यक्रममा सहभागी भै ब्यबसायिक मत्स्य पालन गर्न ईच्छुक भएकोले सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनोट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ५ (पाँच) बर्ष सम्म निरन्तरता दिनेछु/छौं र परियोजनाको बीमा समेत गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं। प्रतिबद्धता अनुरूपको कार्य नगरेमा नेपाल सरकारको ऐन कानुन बमोजिम सहुँला बुझाउँला। साथै प्रस्तावित कार्यहरूकालागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सन्चालित कृयाकलापबाट बाताबरणलाई असर नपुऱ्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं । इति सम्बत २०७...../......../.......गते रोज ...... शुभम ।

नाम, थरः

संस्था भए संस्थाको नामः

वतनः

दस्तखतः

मितिः

संस्थाको छापः

| दांया | बांया |
|---|---|
| | |

## अनुसूची – ५

*(परिच्छेद - २ दफा ४ (ज) सँग सम्बन्धित)*

### मत्स्य उत्पादन बिशेष कार्यक्रम सन्चालनको लागि गरिने सम्झौता–पत्र

जिल्ला कृषि विकास कार्यालय (यसपछि पहिलो पक्ष भनिने) को आर्थिक बर्ष ............को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मत्स्य विकास/तालिम केन्द्र .........................(यसपछाडी दोस्रो पक्ष भनिने) को रोवहरमा मत्स्य उत्पादन बिशेष कार्यक्रम अन्तर्गत पोखरी निर्माण कार्यक्रमको श्री/समुह/संघ/संस्था/व्यक्ति/नीजीफर्म ........................................................ (यसपछि तेस्रोपक्ष भनिने)ले कार्य सन्चालन गर्ने गरी नियमानुसार स्वीकृत गराई देहाय बमोजिमको शर्तनामाहरु गरी गराई कार्य सम्पन्न गर्न सहमती भई पहिलो पक्ष र तेस्रो पक्षबीच आज मिति २०७....।.......।....... मा सम्झौता गरिएको छ।

(१) तेस्रो पक्षले पहिलो र दोस्रो पक्षबाट आबश्यक प्राविधिक सल्लाह एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्झौता गरिएको मितिले ................................ भित्र सम्पन्न गर्नु पर्नेछ।

(२) तेस्रो पक्षले सम्पन्न गरेको कामको मूल्यांकन कार्यक्रम कार्यान्वियन समितिबाट तोकिएका मत्स्य प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी रुजु र प्रमाणित समेत गरेर भुक्तानीको लागि पहिलो पक्षमा पठाउनु पर्नेछ।

(३) पहिलो पक्षले प्राप्त कागजातको आधारमा तेस्रो पक्षको बैंक खातामा चेकबाट अनुदान रकम उपलब्ध गराउनेछ।

(४) पहिलो र दोस्रोपक्षले प्रस्ताव बमोजिमको नियमित ब्यबसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ र सो को जानकारी मत्स्य विकास निर्देशनालयमा दिनु पर्नेछ।

(५) यस सम्झौतामा उल्लेखित कार्य गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप र भवितब्यको पूर्ण जिम्मेवार तेस्रोपक्ष स्वयं हुनेछ।

(६) व्यावसायलाई सम्भावित जोखिमबाट बचाउन तेस्रो पक्षले ब्यबसायको बीमा गर्नु पर्नेछ।

(७) यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| <u>पहिलो पक्षको तर्फबाट</u> | <u>तेस्रो पक्षको तर्फबाट</u> |
| नाम, थर: | ब्यक्ति/निजी फर्म/समुह/संघ/संस्थाको |
| कार्यालयको नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| सम्पर्क फोन: | मिति |
| कार्यालयको छाप: | औंठाको छाप/संस्थाको छाप: |
| <u>रोहवर दोस्रो पक्षको तर्फबाट</u> | सम्पर्क फोन: |
| नाम, थर: | बैंकको नाम र ठेगाना: |
| कार्यालयको नाम: | खाताको किसिम: बचत / चल्ती |
| पद: | डिजिटल खाता नं./: |
| दस्तखत: | |
| | रोहवर: नाम, थर: |
| | दस्तखत: |